**बागमती प्रदेश सरकार**

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौडा

# सहकारी शिक्षा, तालिम, गोष्ठी, अन्तरकृया कार्यक्रम कार्यबिधि, २०८१

(बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको (माननीय मन्त्रीस्तर )
निर्णयबाट मिति २०८१/०५/१९ मा स्वीकृत)

**बागमती प्रदेश सरकार**

**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय**

बागमती प्रदेश, हेटौडा

आ.ब. २०८१/८२

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

स्वीकृत

## सहकारी शिक्षा, तालिम, गोष्ठी, अन्तरकृया कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना**:- सहकारी संघ संस्थालाई सबल, सक्षम र सुशासनयुक्त बनाउने उद्देश्यले बागमती प्रदेश सरकार संस्कृति, पर्यटन, तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्ड र मन्त्रालय अन्तर्गतको सहकारी तालिमकेन्द्र चितवनबाट यस मन्त्रालयको आ.व. २०८१/८२ मा स्वीकृत सहकारी सम्बन्धी शिक्षा, तालिम तथा लागत साझेदारीमा सहकारी व्यवस्थापन, सुदृढिकरण तथा विकास तालिमको प्रभावकारी रुपमा व्यवस्थापन, संचालन तथा कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेशले यो कार्यविधी बनाएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**:- (१) यस कार्यविधिको नाम "सहकारी शिक्षा, तालिम, गोष्ठी, अन्तरकृया कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "तालिम" भन्नाले प्रदेश सरकार र सहकारी संघ/संस्थाको लागत सहभागितामा संचालन हुने सहकारी व्यवस्थापन तथा सुदृढिकरण तालिम सम्झनुपर्छ ।

ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ ।

ग) "तालिम केन्द्र" भन्नाले सहकारी तालिम केन्द्र भरतपुर चितवनलाई सम्झनु पर्दछ ।

घ) "बोर्ड" भन्नाले बागमती प्रदेश सहकारी विकास बोर्ड सम्झनुपर्छ ।

ङ) "मन्त्रालय" भन्नाले " संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश" सम्झनु पर्छ ।

च) "मूल्याङ्कन समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समिति सम्झनुपर्दछ।

छ) "विनियम" भन्नाले संघ/ संस्थाको विनियम सम्झनुपर्छ ।

ज) "साधारण सभा" भन्नाले सहकारी संघ/ संस्थाको साधारण सभा सम्झनुपर्छ ।

झ) "समिति" भन्नाले सहकारी संघ/ संस्थाको संचालक समिति सम्झनुपर्छ ।

ञ) "संस्था" भन्नाले प्रदेश सरकारको नियमन क्षेत्रभित्रका सहकारी संस्था सम्झनुपर्छ ।

ट) "संघ"भन्नाले बागमती प्रदेश सरकारको नियमन क्षेत्रभित्रका सहकारी संघ सम्झनुपर्छ ।

ठ) **"शिक्षा, तालिम कार्यक्रम"** भन्नाले मन्त्रालय र तालिम केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्ने सहकारी सम्वन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, अभिमुखीकरण लगायतका कार्यक्रमहरु सम्झनुपर्दछ ।

### परिच्छेद – २

### सहकारी व्यवस्थापन तथा सुदृढीकरण तालिम सञ्चालन **व्यवस्था**

३. **तालिम कार्यक्रम सम्वन्धी व्यवस्था**: सहकारी संघ/संस्थाहरुलाई मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम बमोजिमका विभिन्न तालिम कार्यक्रमहरु लागत सहभागितामा संचालन गर्नका लागि उपलब्ध गराईनेछ ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

४.**तालिम कार्यक्रम उपलब्ध नगराइने**: दफा ३ मा जुनसकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संघ/संस्थालाई कार्यक्रम उपलब्ध गराईने छैन :-

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) संचालक समिति र लेखा समितिको निर्वाचन नगरेको,

(ग) वार्षिक लेखा परीक्षण नगराएको,

(घ) कर चुक्ता प्रमाण पत्र नभएको,

(ङ) प्यान/भ्याटमा दर्ता नभएको,

(च) सम्बन्धित नियामक निकायमा साधारण सभाको विवरण पेश नगरेको,

५.**सूचना प्रकाशन गर्ने**:- वोर्डले मन्त्रालयको स्वीकृतिमा तालिम कार्यक्रम संचालन गर्न ईच्छुक सहकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्नको लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा २१ (एक्काईस) दिनको अवधी दिई सूचना प्रकाशन गर्नेछ ।

६.**दरखास्त पेश गर्नुपर्ने**:- यस कार्यविधि बमोजिम तालिम कार्यक्रम प्राप्त गर्न चाहने संघ/संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ५ बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधि भित्र अनुसूची-१ बमोजिमको ढाँचामा बोर्डमा आवेदन दिनु पर्नेछ ।

(क) संघ/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,

(ख) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) पछिल्लो वार्षिक साधारण सभाको प्रतिवेदन तथा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र,

(ङ) लेखा समितिको पछिल्लो वार्षिक प्रतिवेदन तथा अनुसूची २ बमोजिमको सहभागितात्मक तालिमको प्रस्ताव,

(च) संचालक समितिका पदाधिकारीहरुको नाम, ठेगाना र सम्पर्क नम्वर खुलेको विवरण (निर्वाचित मिति समेत)

(छ) तालिम कार्यक्रमको लागी संघ/संस्थाको तर्फबाट संस्थाले व्यहोर्ने रकमको प्रतिबद्धता,

(ज) संघ/ संस्थाको जम्मा सदस्य संख्याको विवरण (जसमा पुरुष/महिला/अन्य सदस्य संख्या) र संचालक समिति सदस्य संख्या (पुरुष/महिला पदाधिकारी संख्या) ,

(झ) संघ भएमा सदस्य प्रारम्भिक सहकारी संस्थाहरुको संख्या समेत खुल्ने विवरण

(ञ) आफूले संचालन गर्ने तालिम (आधारभूत सहकारी व्यवस्थापन तालिम, आधारभूत सहकारी लेखापालन तालिम तथा व्यवसायिक क्षमताक अभिवृद्दि तालिम ) कार्यक्रमको पाठ्यक्रम अनुसूची-५ मा उल्लेखित विषयवस्तुको हुने व्यहोराको प्रतिबद्धता पत्र,

(ठ) अनुसूची-३ बमोजिमको प्रशिक्षकको विवरण,

(ड) संघ/संस्थाको व्यवस्थापनमा हालसम्म संचालन भएका तालिमको संख्या,

(ढ) संघ भएमा सहकारी अभियानको सुदृढिकरणका लागि हालसम्म सम्पादन गरेका कम्तिमा ३ वटा कार्यहरु

७.**मुल्याङ्कन समिति**:-(१) यस कार्यविधि बमेजिम पेश भएका प्रस्तावको मूल्याङ्कन गरि स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको मूंल्याङ्कन समिति रहनेछ:-

| | |
|---|---|
| (क) उपाध्यक्ष, बोर्ड | - अध्यक्ष |
| (ख) अधिकृतस्तर प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | - सदस्य |
| (ङ) मन्त्रालयले तोकेको अधिकृतस्तर प्रतिनिधि | - सदस्य-सचिव |

(२) समितिले मूल्याङ्कन गर्दा अनुसूची ४ (क) र ४ (ख) बमोजिमको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी योग्यताक्रमानुसारको सूचि तयार गर्नेछ।

८.**छनोट गरिने**:- मुल्याङ्कन समितिले पेश गरेको योग्यताक्रमबाट बोर्डले देहायको आधारमा छनोट गर्नेछ।

(क) योग्यताक्रम मध्येबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने सहकारी संघ/संस्थाहरुको क्रमबाट स्वीकृत तालिम कार्यक्रमको संख्यासम्म,

(ख) खण्ड (क) बमोजिम संघ/संस्था छनोट गर्दा कुल अंकको न्यूनतम चालीस प्रतिशत अंक प्राप्त गरेका सहकारी संघ/संस्थाहरुबाट मात्र छनोट गरिनेछ,

(ग) संघ/संस्था छनोट गर्दा सञ्चालन गर्ने तालिमको आवश्यकता र औचित्यलाई समेत मध्ये नजर गरिनेछ।

९. **पाठ्यक्रम**: संघ/संस्थाले सञ्चालन गर्ने तालिमको पाठ्यक्रम अनुसूची -५ बमोजिम हुनेछ।

१०.**जानकारी दिनुपर्ने**: प्रस्ताव छनोट भएपछि बोर्डले सम्वन्धित संघ/संस्थालाई सोको जानकारी ७ (सात) दिनभित्र गराउनु पर्नेछ।

११. **सम्झौता गर्नुपर्ने**: (१) यस कार्यविधि बमोजिम प्रस्ताव छनोट भएपछि तालिम शुरु हुनुभन्दा अगाडि तालिम संचालन गर्ने संघ/संस्था र वोर्ड बीच अनुसूची -५ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(२) तालिम संचालन गर्ने संघ/संस्थाले अनुसूची -६ मा उल्लेखित पाठ्यक्रममा आधारित रही तालिम संचालनको समय तालिका र स्थान तोकी तालिम शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै वोर्डमा जानकारी दिनु पर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

१२.**भुक्तानी विधि**:-यस कार्यविधि बमोजिम संघ/संस्थालाई उपलब्ध गराईने रकमको भुक्तानी कार्य सम्पन्न प्रतिवेदन, सक्कल बिल भरपाई, नियमानुसार तिर्नु बुझाउनु पर्ने कर तिरेको कागजात प्राप्त भएपछि गरिनेछ ।

१३.**सार्वजनिक खरिद ऐन तथा प्रदेश सार्वजनिक खर्चको मापदण्ड लागू हुने**:-यस कार्यविधि बमोजिम संघ/संस्थाले प्राप्त गर्ने सहयोग रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

१४.**कार्यक्रमको सदुपयोग गर्नुपर्ने**:-संघ/संस्थाले कार्यक्रम रकम आफ्नो खातामा प्रविष्टी गरी जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गरि स्नेस्ता अद्यावधिक गर्नु पर्नेछ ।

१५.**अनुगमन सम्बन्धी व्यवस्था**: (१) यस कार्यविधि बमोजिम तालिम कार्यक्रम संचालनको क्रममा मन्त्रालय वा बोर्डद्वारा अनुगमन गरिनेछ ।अनुगमन कार्यमा सम्वन्धित संघ/संस्थाले आबश्यक सहयोग गर्नुपर्नेछ ।

१६.**कार्यक्रमको रकम रोक्का गर्न सक्ने**: दफा १५ बमोजिम अनुगमन गर्दा संघ/संस्थाले प्राप्त तालिम कार्यक्रम बापतको रकम सदुपयोग नगरेको वा सम्झौताको शर्त पालना नगरेमा अनुगमन प्रतिवेदन सिफारिसको आधारमा अख्तियारवालाले कार्यक्रमको रकम रोक्का गर्न सक्नेछ ।

१७.**असुल उपर गरिने**: दफा १५ बमोजिम अनुगमन गर्दा प्रदान गरिएको तालिम कार्यक्रमको रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संघ/संस्थाका सदस्य तथा पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिने छ।

१८.**सफाई पेश गर्न मौका दिनु पर्ने**: दफा १६ बमोजिम कार्यक्रम रोक्का राख्दा वा दफा १७ बमोजिम रकम असुल उपर गर्नु पर्दाको अबस्थामा सम्वन्धित संस्थालाई सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

१९.**लेखापरीक्षण**: संघ/ संस्थाले यस कार्यविधि बमोजिम प्राप्त सहयोग रकमको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

२०.**साधारण सभालाई जानकारी गराउनु पर्ने**: यस कार्यविधि बमोजिम कार्यक्रम प्राप्त भए पछि संघ/ संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको विवरण जानकारी गराउनु पर्नेछ ।

२१. **विवरण सार्वजनिक गर्नुपर्ने**: यस कार्यविधि बमोजिम स्वीकृत भई मन्त्रालयबाट प्राप्त रकम र प्रयोजन समेत खुलाई सर्वसाधारणको जानकारीका लागि प्रष्टसँग पढ्न सकिने गरी सम्वन्धित संघ/संस्थाको कार्यालयको सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ।

**२२.प्रतिवेदन प्रकाशन गर्नुपर्ने**: यस कार्यविधि बमोजिम प्रदान गरेको तालिम कार्यक्रमको प्रतिफल समेत झल्कने गरि सम्वन्धित संघ/संस्थाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद -३
## सहकारी शिक्षा, तालिम सम्बन्धी व्यवस्था

२३. **शिक्षा, तालिम कार्यक्रमको उद्देश्यः** यस कार्यविधि बमोजिम संचालन गरिने शिक्षा, तालिम कार्यक्रमको उद्देश्य निम्न बमोजिम हुनेछः

(क) सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ख) बागमती प्रदेश सरकारबाट स्वीकृत वार्षिक कार्यक्रमको परिधी भित्र रही सहकारीको संस्थागत क्षमता अभिवृद्धि, विकास तथा प्रवर्धन गर्ने,

(ग) सहकारी व्यवसायीकताको विकास गर्ने ।

(घ) सहकारी संघ संस्थालाई सबल, सक्षम र सुशासनयुक्त बनाउने

(ङ) सहकारी क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउने ।

२४. **शिक्षा, तालिम संचालन गर्ने**: (१) तालिम केन्द्रले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रमहरु, सहभागी संख्या, विषय वस्तु, समयावधि लगायतका विषयहरु अनुसूची - १ मा उल्लेख गरे बमोजिम हुनेछ । शिक्षा, तालिम कार्यक्रमको आवश्यकता पहिचानका आधारमा अनुसूची- १ मा उल्लेखित विषयहरुलाई मन्त्रालयको स्वीकृतिमा हेरफेर गर्न सकिनेछ ।

(२) शिक्षा, तालिम कार्यक्रम संचालन गर्ने निकायले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम अनुसारका शिक्षा, तालिम कार्यक्रमको प्रकृति अनुसार कार्यक्रमको लागत, सहभागी, कार्यक्रम संचालन गर्ने स्थान, कार्यक्रमको विषयवस्तु लगायतका प्रत्येक कार्यक्रमका लागि अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई सोही बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२५. **शिक्षा, तालिम कार्यक्रमका सहभागीहरुः** बागमती प्रदेश भित्र पर्ने संघ कार्य क्षेत्र भएका, बागमती प्रदेश कार्यक्षेत्र भएका र स्थानिय निकाय कार्यक्षेत्र भएका सहकारी संघसंस्थाका कर्मचारी, संचालक समितिका पदाधिकारी एवं सहकारी संघसंस्थामा आबद्ध शेयर सदस्यहरु दफा २४ बमोजिमको शिक्षा, तालिम कार्यक्रममा सहभागी बन्न सक्नेछन् ।

२६. **सहभागी छनोट विधिः** (१) शिक्षा, तालिम कार्यक्रम संचालन गर्ने निकायबाट निर्धारित संख्यामा जिल्ला र प्रदेश स्तरका सहकारी संघ/संस्थाहरुलाई कार्यक्रमका सहभागी छनोट गरी पठाउन कार्यक्रम संचालन हुनु भन्दा सात दिन

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

अगाडि पत्र लेखी पठाउनु पर्नेछ र ती निकायहरुबाट छनोट भई आएका दफा २५ बमोजिमका व्यक्तिहरुलाई शिक्षा, तालिम कार्यक्रममा सहभागी गराईनेछ साथै कुनै इच्छुक सहकारी संघ संस्थाहरुले तालिमको आवश्यकता महसुस गरी तालिम माग गरेमा त्यस्ता सहकारी संघ संस्थाहरुबाट छनौट भई आएका व्यक्तिहरुलाई पनि शिक्षा, तालिम कार्यक्रममा सहभागी गराईनेछ।

(२) कार्यक्रममा सहभागी छनोट गर्दा भौगोलिक अवस्था, जनसंख्या एवं सहकारी संघसंस्थाको संख्या समेतको आधारमा समानुपातिक र समावेशी हुने गरी छनोट गर्नु पर्नेछ ।

(३) संघीय सरकार/प्रदेश सरकार/स्थानीय तहबाट यस पूर्व उस्तै प्रकृतिका तालिम प्राप्त गरिसकेका प्रशिक्षार्थीहरुलाई तालिममा सहभागी गराईने छैन ।

२७. **प्रशिक्षक वा सहजकर्ता सम्बन्धी व्यवस्था**: (१) तालिम केन्द्रबाट संचालन गरिने सहकारी शिक्षा, तालिम कार्यक्रममा देहाय बमोजिम सहजकर्ता एवं स्रोत व्यक्तिहरु रहनेछनः-

(क) तालिम केन्द्रका प्राचार्य र प्रशिक्षकहरु

(ख) प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका र सम्बन्धित विषयमा विज्ञता भएका मन्त्रालय, कार्यालयका अधिकृतस्तरको कर्मचारी तथा अन्य सम्बन्धित विषयका विज्ञहरु ।

(२) मन्त्रालय र तालिम केन्द्रबाट संचालन गरिने शिक्षा, तालिम कार्यक्रममा मन्त्रालय तथा तालिम केन्द्रका अधिकृतस्तरको कर्मचारीहरु तथा अन्य सम्बन्धित विषयका विज्ञहरु सहजकर्ता एवं स्रोत व्यक्तिहरु

(३) सहकारी संचालनमा लामो अनुभव भएका संचालकहरु, व्यवस्थापक सहकारी व्यवसायी तथा अभियान्ताहरु ।

२८. **शिक्षा, तालिम कार्यक्रम संचालन हुने स्थान**: (१) तालिम केन्द्रले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रम तालिम केन्द्र रहेको स्थान भरतपुर चितवनमा रहनेछ । तर कार्यक्रम पहुँच, माग, सहभागीको संख्या, बजेटको अवस्था समेतलाई मध्यनजर गरी बागमती प्रदेश भरी जुनसुकै स्थानमा स्थलगत रुपमा कार्यक्रम संचालन गर्न समेत सकिनेछ ।

(२) उपदफा (१) बमोजिम तालिम संचालन हुने स्थान र समयको बारेमा तालिम संचालन अगाडी नै मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

२९. **शिक्षा, तालिम कार्यक्रम संचालन खर्च र पारिश्रमिक**: शिक्षा, तालिम कार्यक्रम संचालन गर्दा लाग्ने खर्च तथा पारिश्रमिक कार्यक्रमको लागि स्वीकृत बजेटको परिधि भित्र रही प्रदेश तथा संघीय सरकारबाट स्वीकृत खर्च मापदण्ड अनुसार हुनेछ ।

३०. **सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन**: शिक्षा, तालिम संचालन कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ ।

**३१. शिक्षा, तालिम कार्यक्रमको आवश्यकता पहिचान तथा प्रभावकारीता अध्ययन**: तालिम केन्द्रले समय समयमा तालिम आवश्यकताको पहिचान गर्ने तथा पहिले संचालन गरेका कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी सोही बमोजिम आगामी आ.व हरुमा संचालन गरिने कार्यक्रमहरु पहिचान गरी मन्त्रालयमा पेश गर्न सक्नेछ ।

**३२. प्रतिवेदन पेश गर्नुपर्ने**: शिक्षा, तालिम कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम संचालन गर्ने निकायले कार्यक्रम संचालन अवधि, स्थान, विषयवस्तु, सहभागी र सहजकर्ता विवरण, सिकाई उपलब्धी सहितको विवरण खोली प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**३३. विशेषज्ञ उपलब्ध गराउन सकिने:** प्रदेश सहकारी संघ, जिल्ला संघहरु तथा विषयगत संघहरु स्थानीय तहहरु वा विशिष्टीकृत संघहरुले तालिम, छलफल, गोष्ठी संचालन गरी विशेषज्ञ माग गरेमा उपलब्ध गराउन सकिनेछ ।

**३४. सहकारी सम्बन्धी सामाग्री प्रकाशन र वितरण**: तालिम केन्द्रले आफ्नो वार्षिक कार्यक्रम अनुसार सहकारी अभियानको प्रवर्धन तथा सहकारी संघ संस्थामा शिक्षा तथा जागरण पुर्याउने गरी अध्ययन सामाग्री तयार गरी सहकारी शिक्षा, तालिम कार्यक्रमहरुमा वितरण गर्न सक्नेछ ।

**३५. कार्यविधि बमोजिम हुने:** तालिमको पाठ्यक्रम, पाठयोजना र प्रशिक्षण सम्बन्धमा यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**३६. बाधा अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची – १**
**(दफा ६ सँग सम्वन्धित )**
**दरखास्तको ढाँचा**

मिति :-

श्री बागमती प्रदेश सहकारी विकास वोर्ड
बागमती प्रदेश, हेटौंडा ।

विषय :- तालिमको लागि प्रस्ताव पेश गरिएको सम्वन्धमा ।

तहाँ वोर्डबाट मिति ................ मा .................... राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस संघ/संस्थाले लागत साझेदारीमा ............... तालिम संचालन गर्ने गरी मिति ............ को सूचनामा तोकिएको कागजात संलग्न राखी यो दरखास्त पेश गरिएको छ ।

"सहकारी व्यवस्थापन, सुदृढिकरण तथा विकास तालिम सञ्चालन कार्यविधि, २०८१" का शर्त, बन्देजहरु पालना गर्न यो संघ संस्था मन्जुर छ ।

निवेदक
...............
अध्यक्षको नाम थर :-
संघ/संस्थाको नाम ठेगाना :-
संघ/संस्थाको छाप :-
सम्पर्क नं. :-

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची – २
(दफा ६ को खण्ड (ङ) सँग सम्वन्धित )

### लागत साझेदारीमा सहकारी व्यवस्थापन तथा सुदृढिकरण तालिमको प्रस्ताव

**तालिम कार्यक्रमको नामः** **सहभागी संख्याः ३०**

**तालिम संचालन हुने स्थानः**

| क्र.सं. | खर्च शीर्षक | इकाई | परिमाण | दर | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रशिक्षक भत्ता | कक्षा | | १,०००।- | | |
| २ | सहभागी यातायात खर्च | जना | | ५००।- | | |
| ३ | प्रशिक्षक यातायात खर्च | जना | | ५००।- | | |
| ४ | सहभागी खाजा खर्च | जना | | ४००।- | | |
| ५ | क) मसलन्द (सहभागी) | जना | | ३००।- | | |
| ६ | ख) मसलन्द (कार्यक्रम) | सेट | | २५००।- | | |
| ७ | तालिम सामाग्री | ल.स | | २५००।- | | |
| ८ | तालिम संयोजक | दिन | | ८००।- | | |
| ९ | तालिम सहायक (दुई जना) | दिन | | ४००।- | | |
| १० | प्रतिवेदन लेखन | पटक | | २,५००।- | | |
| ११ | कार्यपत्र तयारी | कक्षा | | १,२००।- | | |
| १२ | हल भाडा | दिन | | ७,५००।- | | **आफ्नै हल भएमा नपाउने** |
| १३ | प्रमाणपत्र | थान | | ५००।- | | |
| १४ | विविध खर्च | पटक | | ३,०००।- | | |
| १५ | सञ्चार खर्च | पटक | | १०००।- | | |
| १६ | इन्धन खर्च | ल.स. | | १००००।- | | |
| १७ | उपकरण भाडा | सेट | | ५०००।- | | |
| | | | | जम्मा | | |

**नोटः-** तालिम कार्यक्रमको कुल खर्च रकमको ७५ प्रतिशत वा रु.१,९५,०००।०० (अक्षेरुपी एक लाख पन्चानब्बे हजार मात्र) मध्ये जुन कम हुन्छ सो रकम मन्त्रालयले व्यहोर्ने र बाँकी रकम सम्वन्धित सहकारी संघ/संस्थाले व्यहोर्नुपर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची – ३

**( दफा ६ को खण्ड (ढ) सँग सम्वन्धित)**

प्रशिक्षकको विवरण

| क्र.सं. | नाम थर | ठेगाना | आबद्ध संस्था | शैक्षिक योग्यता | प्रशिक्षक प्रशिक्षण तालिम लिए/नलिएको | सहकारी सम्वन्धी अनुभव (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोटः प्रशिक्षक प्रशिक्षण तालिम र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न गर्नु पर्नेछ ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची – ४ (ख)**

**( दफा ७ को उपदफा (२) सँग सम्वन्धित)**

सहकारी संघको प्रस्ताव मूल्याङ्कन आधार र अङ्क

सहकारी संघको नामः

जम्मा पूर्णाङ्कः ५०

प्राप्ताङ्कः

| क्र.सं. | आधार | अङ्क | पूर्णाङ्क | प्राप्त गरेको अङ्क |
|---|---|---|---|---|
| १ | **आवद्ध सदस्य संघ/संस्थाको** | | ८ | |
| क | सदस्य हुन योग्य संघ संस्थाको ८१% भन्दा माथि | ८ | | |
| ख | सदस्य हुन योग्य संघ संस्थाको ६१ देखि ८०% सम्म | ६ | | |
| ग | सदस्य हुन योग्य संघ संस्थाको ४१ देखि ६०% सम्म | ४ | | |
| घ | सदस्य हुन योग्य संघ संस्थाको २१ देखि ४०% सम्म | ३ | | |
| ङ | सदस्य हुन योग्य संघ संस्थाको २०% सम्म | २ | | |
| २ | **आफ्नै तालिम हल भएको** | | २ | |
| ३ | **व्यवसायिक कारोवार, उत्पादन (सदस्य संस्थाको उत्पादन, संकलन, प्रशोधन र विक्री)** | | ५ | |
| क | १००% उत्पादन कारोवार ०% बचत कारोवार | ५ | | |
| ख | ७५% सम्म उत्पादन कारोवार २५% सम्म बचत कारोवार | ४ | | |
| ग | ५०% सम्म उत्पादन कारोवार ५०% सम्म बचत कारोवार | ३ | | |
| घ | २५% सम्म उत्पादन कारोवार ७५% सम्म बचत कारोवार | २ | | |
| ङ | ०% उत्पादन कारोवार १००% सम्म बचत कारोवार | १ | | |
| | **वा** | | | |
| | व्यवसायिक कारोवार, वजारीकरण(सदस्य संस्थालाई उपभोग्य सामाग्री विक्री) | | ५ | |
| क | 10०% वजारीकरण कारोवार ०% सम्म बचत कारोवार | ५ | | |
| ख | ७५% वजारीकरण कारोवार २५% सम्म बचत कारोवार | ४ | | |
| ग | ५०% वजारीकरण कारोवार ५०% सम्म बचत कारोवार | ३ | | |
| घ | २५% वजारीकरण कारोवार ७५% सम्म बचत कारोवार | २ | | |
| ङ | ०% वजारीकरण कारोवार १००% सम्म बचत कारोवार | १ | | |
| ४ | **नियमित रुपमा साधारण सभा र लेखापरीक्षण** | | १० | |
| क | विगत ३ वर्षदेखि हरेक वर्ष पौष मसान्त भित्र साधारण सभा सम्पन्न गरेको | १० | | |
| ख | विगत ३ वर्षदेखि हरेक वर्ष तोकिएको समय नाघेपनि सोही आ.व. मा नै लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको | ६ | | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ग | विगत ३ वर्षदेखि हरेक वर्ष तोकिएको समय नाघेपछि सो को लगत्तै पछिल्लो आ. व. मा लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको | ४ | | |
| ५ | **संघ अवस्थित जिल्ला** | | ५ | |
| क | रसुवा, धादिङ्ग, दोलखा | ५ | | |
| ख | सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, नुवाकोट | ४ | | |
| ग | चितवन, मकवानपुर, काभ्रेपलान्चोक | ३ | | |
| घ | काठमाण्डौ, ललितपुर, भक्तपुर | २ | | |
| ६ | **संघको स्थापना कालदेखि हालसम्म संचालन गरेका तालिम कार्यक्रमहरु** | | १० | |
| क | १० वटा भन्दा माथि | १० | | |
| ख | ८ देखि १० वटा सम्म | ८ | | |
| ग | ६ देखि ७ वटा सम्म | ६ | | |
| घ | ३ देखि ५ वटा सम्म | ४ | | |
| ङ | २ वटा सम्म | २ | | |
| ७ | **सहकारी अभियान सुदृढिकरणका लागि संघले गरेका कार्यहरु** | | १० | |
| क | १० वटा भन्दा बढी कार्य | १० | | |
| ख | ८ वटा देखि १० वटा सम्म कार्य | ८ | | |
| ग | ६ वटा देखि ७ वटा सम्म कार्य | ६ | | |
| घ | ३ वटा देखि ५ वटा सम्म कार्य | ४ | | |
| ङ | २ वटा सम्म कार्य | २ | | |
| | जम्मा | | | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची -५

**( दफा ६ को खण्ड (ड), दफा ९ र दफा ११ को उपदफा (२) सँग सम्वन्धित )**

**पाठ्यक्रम**

### आधारभूत सहकारी व्यवस्थापन तालिम

| क्र.सं. | विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| 1 | सहकारीको अवधारणा र महत्व | | |
| 2 | सहकारीका मूल्य मान्यताहरु | | |
| 3 | सहकारीका सिद्धान्तहरु र व्यवहारिक प्रयोग | | |
| 4 | सहकारी ऐन, नियमका मुख्य व्यवस्थाहरु | | |
| 5 | उद्यमशीलताको अर्थ, महत्व र सहकारी व्यवसायमा उद्यमशीलता | | |
| 6 | बजारको अर्थ, महत्व र सहकारी बजार व्यवस्थापन | | |
| 7 | सहकारीमा बचत व्यवस्थापन | | |
| 8 | सहकारी ऋण लगानी व्यवस्थापन | | |
| 9 | सहकारीमा वार्षिक कार्यक्रम तथा कार्ययोजना तर्जुमा (अभ्यास र प्रस्तुति सहित) | | |
| 10 | सहकारी विनियम र व्यवहारिक प्रयोग | | |
| 11 | प्रदेश सहकारी मापदण्डमा रहेका मुख्य व्यवस्था | | |
| १२ | सुशासनको अवधारणा र सहकारीमा सुशासन | | |
| १३ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | | |
| १४ | एकीकरणको अर्थ, महत्व र सहकारी एकीकरण प्रक्रिया | | |
| १५ | सहकारीमा सम्पत्ती शुद्धिकरण सम्बन्धी व्यवस्था | | |
| १६ | सहकारीमा बैठक व्यवस्थापन र निर्णय लेखन | | |
| १७ | सहकारीमा अभिलेख व्यवस्थापन | | |
| | जम्मा कक्षा | | |

नोटः माथि उल्लेखित विषयवस्तु बाहेकको स्थानीय आवश्यकता अनुसार २ वटा कक्षा भार बराबरका विषयवस्तु सम्वन्धित संघ/संस्थाले पाठ्यक्रममा समावेश गर्न सक्नेछ।

### आधारभूत सहकारी लेखापालन तालिम

| क्र.सं. | विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| 1 | लेखाको अवधारणा, महत्व र सिद्धान्तहरु | | |
| 2 | लेखाङ्कन नियमहरु (अभ्याससहित) | | |
| 3 | सहकारी हिसाव संकेत नं. | | |
| 4 | गोश्वरा भौचरको परिचय | | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| 5 | गोश्वरा भौचर तयारी अभ्यास | | |
| 6 | सहकारी लेखा प्रणालीका मुख्य खाताहरुको परिचय | | |
| 7 | मुख्य खाता प्रविष्टि अभ्यास | | |
| 8 | समायोजन भौचर तयारी र प्रविष्टि | | |
| 9 | सहायक खाताहरुको परिचय | | |
| 10 | हिसाव परिक्षा सूची, परिचय र तयारी | | |
| 11 | आय विवरण परिचय र तयारी | | |
| १२ | बचत वितरण, विवरण परिचय र तयारी | | |
| १३ | स्थिती विवरण पत्र, परिचय र तयारी | | |
| १४ | PEARLS अनुगमन प्रणालीका मुख्य सूचकहरूको परिचय | | |
| | जम्मा | | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची – ६**

**सम्झौताको ढाँचा**

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, बागमती प्रदेश हेटौंडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ........................ तालिम कार्यान्वयन गर्ने मिति ........................ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये मूल्याङ्कन समितिबाट सिफारिस भई मिति .............. को निर्णयबाट श्री ......................................सहकारी संघ/संस्था लि., .................को प्रस्ताव छनौट भएको हुँदा बागमती प्रदेश सहकारी विकास बोर्ड ( यस पछि प्रथम पक्ष भनिने )र श्री ................ सहकारी संस्था /संघ लि., .................................( यस पछि दोश्रो पक्ष भनिने ) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरि ........................ तालिम संचालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

**शर्तहरु:**

१. प्रथम पक्षले कार्यविधिको दफा ३ बमोजिमको ............... तालिम संचालनका लागि कूल खर्च रकमको ७५% वा रु.१,९५,०००|- ( अक्षेरुपी एक लाख पन्चानब्बे हजार ) मध्ये जुन कम हुन्छ सो रकम दोश्रो पक्षलाई प्रदान गर्नेछ ।प्राप्त रकम नियमानुसार आम्दानी बाँधी तालिमको उद्देश्य बमोजिम खर्च गर्नु पर्नेछ।

२. प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्ने रकमको भुक्तानी विधि कार्यविधिको दफा १२ बमोजिम हुनेछ ।

३. बुँदा नं. १ मा उल्लेखित तालिम अन्तर्गतका तालिम कार्यक्रम दोश्रो पक्षले.........भित्र सम्पन्न गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिमको बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

५. तालिम संचालनको लागि दोश्रो पक्षले प्रशिक्षक लगायत सम्पूर्ण व्यवस्थापन आफैले गर्नु पर्नेछ ।

६. तालिम कुन-कुन स्थानमा गर्ने हो त्यसको मिति, समय सहित तालिम गर्नु ७ दिन अगावै दोश्रो पक्षले प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

७. दोश्रो पक्षले तालिम संचालन स्थलमा अनिवार्य रुपमा तालिमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र सहयोग रकम लगायतका विवरण उल्लेख गरिएको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

८. प्रथम पक्षले कुनै पनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आबश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

९. द्विपक्षीय सम्झौता मुताविकको कार्य नभै रकम सदुपयोग हुन नसक्ने देखेमा प्रथम पक्षले कार्यविधिको दफा १६ बमोजिमको प्रक्रिया अपनाई सहयोग रकम रोक्का गर्न सक्नेछ ।

१०. अनुगमन/निरीक्षण प्रतिवेदनबाट सहयोग रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संघ/संस्थाका सदस्य तथा पदाधिकारीको घरघरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

११. दोश्रो पक्षले प्राप्त सहयोग रकमको प्रचलित कानून बमोजिम अभिलेख राखी लेखा परिक्षण गराई साधारण सभाबाट अनुमोदन पश्चात प्रथम पक्षकोमा सोको प्रतिवेदन पठाउनु पर्नेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ ।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

१३. तालिम सञ्चालनका दौरानमा कुनै बुँदा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१४. दोश्रो पक्षले कार्यसम्पादन पश्चात कार्यसम्पन्न प्रतिवेदन सहित खर्चको बिल भर्पाई र सहभागीको विवरण समेत प्रथम पक्षकोमा पठाउनु पर्नेछ ।

**पहिलो पक्षको तर्फबाट**

दस्तखत :
नाम :
पद :
कार्यालय : प्रदेश सहकारी विकास बोर्ड
कार्यालयको छाप :

**दोश्रो पक्षको तर्फबाट**

दस्तखत:
नाम: .............
पद: ..................
कार्यालय:
संघ/संस्थाको छाप :

ईति सम्वत् .......... .......साल ............ महिना .........गते रोज ..... शुभम्

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची - ७
(दफा २४ संग सम्बन्धित )

**१. आधारभूत सहकारी लेखापालन तालिम**

(क) समयावधि : ६ दिन

(ख) कक्षा संख्याः २४ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीः समावेशी रुपमा कम्तीमा २० जना।

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. सहकारी लेखा प्रणाली अनुसार लेखा राख्न।

२. विभिन्न वित्तीय प्रतिवेदनहरु तयार गर्न।

३. संस्थाका वित्तीय प्रतिवेदनहरु जाँच तथा विश्लेषण गर्न।

**विषयवस्तु ( Course Contents )**

| विषयवस्तु | कक्षा संख्या |
|---|---|
| लेखाको सिद्वान्त अवधारणा र महत्व | २४ |
| लेखामा प्रयोग हुने शब्दावली | |
| लेखाङ्कन नियम र समीकरण | |
| सहकारीका मुख्य खाता तथा सहायक खाताहरुको परिचय | |
| गोश्वारा भौचर परिचय र अभ्यास | |
| सहकारी हिसाब संकेत नम्बर | |
| गोश्वारा भौचर तयारी | |
| खातामा प्रविष्टी | |
| हिसाब परीक्षा सूचीको परिचय र अभ्यास | |
| मिलाउनु पर्ने प्रविष्टी परिचय र अभ्यास | |
| खाताबन्दी | |
| आय विवरण | |
| बचत वितरण | |
| कोषको परिचय र कोष विवरण | |
| स्थिति विवरण पत्र वासलात | |
| हास कट्टी विधि | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| सहकारीमा लेखा परिक्षण प्रकृया | |
| ब्याज गणना विधि | |
| नगद प्रवाह विवरण परिचय र अभ्यास | |
| सहभागीको माग बमोजिम समसामयिक विषयहरु | |

**२. आधारभूत सहकारी व्यवस्थापन तालिम**

(क) समयावधि: ६ दिन

(ख) कक्षा संख्या: २४ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीः समावेशी रुपमा कम्तीमा २० जना।

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. सहकारीका मूल्य, मान्यता, सिद्धान्त र कानूनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।

२. सहकारी संस्था सञ्चालन तथा व्यवस्थापनका आधारभूत पक्षहरुको बारेमा जानकारी गराउन।

३. सहकारीमा सम्पत्ति शुद्धिकरण निवारण, स्रोत परिचालन तथा कोष व्यवस्थापन लगायत समसामयिक विषयमा जानकारी दिन।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| सहकारीको अवधारणा र महत्त्व | २४ |
| सहकारीका मूल्य मान्यताहरु | |
| सहकारी सिद्धान्तहरु | |
| सहकारी अनुगमन सम्बन्धी विद्यमान व्यवस्था | |
| प्रदेश सहकारी ऐन, २०७६ र नियमावली, २०७६ | |
| सहकारी व्यवसाय र अन्य व्यवसायमा फरक | |
| सहकारीमा व्यवसायीकता विकास | |
| सञ्चालक व्यवस्थापकलाई चाहिने दक्षता | |
| सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | |
| सहकारीमा अभिलेख व्यवस्थापन | |
| सहकारीमा कर्मचारी व्यवस्थापन | |
| सहकारीमा सूचना व्यवस्थापन | |
| सहकारीमा सुशासन | |
| सम्पत्ति शुद्धिकरण | |
| सहकारीमा सदस्यको भूमिका | |
| सहकारीमा पत्रलेखन | |

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| सूचनाको हक | |
| वित्तीय साक्षरता | |
| सहकारीमा दिगो विकासको आन्तरिकिकरण | |
| सहकारीमा कोष व्यवस्थापन | |
| अन्य समसामयिक विषयवस्तुहरु | |

**3. पर्ल्स अनुगमन प्रणाली तालिम**

(क) समयावधि: ३ दिन

(ख) कक्षा संख्या: १२ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागी संख्या:- समावेशी रुपमा कम्तीमा २० जना

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. सहकारी संस्थाको लेखाका विभिन्न सूचकहरुको विश्लेषण गर्न ।

३. सहकारी संस्थाको पर्ल्स अनुगमन प्रणाली अनुसार वित्तीय विवरणहरुको विश्लेषण गर्न ।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. पर्ल्स अवधारणा, परिचय, महत्व। | १२ |
| २. PEARLS ANALYSIS का प्रमुख सूचकहरुको परिचय। | |
| 3. PEARLS ANALYSIS का लागि आवश्यक वित्तीय विवरणहरु। | |
| 4. PEARLS ANALYSIS का सूचकहरुको विश्लेषण विधि तथा अभ्यास | |
| P= Protection [P1, P2, P2x, P3, P4, P5, P6] | |
| E = Effective financial structure [E1, E2, E3, E4, E5, E6, E7, E8, E9] | |
| A = Asset quality [A1, A2, A3] | |
| R = Rate of Return and Cost [R1, R2, R3, R4, R5, R6, R7, R8, R9, R10, R11, R12] | |
| L = Liquidity [L1, L2, L3, L4] | |
| S = Sign of growth [S1, S2, S3, S4, S5, S6, S7, S8, S9, S10, S11, S12] | |

**4. सिप विकास तथा व्यवसाय प्रवर्द्धन**

(क) समयावधि: ३ दिन

(ख) कक्षा संख्या: १२ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागी संख्या:- समावेशी रुपमा कम्तीमा २० जना

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. व्यवसाय प्रवर्द्धन गर्ने।

२. स्वरोजार हुने ।

३. आम्दानी वृद्धि गरी जीवनस्तर सुधार गर्ने।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| 1. बागवानी सम्बन्धी तालिम | १२/१२ |
| २. कृषि/वन सम्बन्धी तालिम | |
| 3. पशुपंक्षी पालन सम्बन्धी तालिम | |
| 4. मौरी पालन सम्बन्धी तालिम | |
| 5. माछा पालन सम्बन्धी तालिम | |
| ६. माग बमोजिम समसामयिक सीपमुलक तालिम | |

नोटः हरेक तालिमको कक्षासंख्या १२ हुनेछ।

## ५. विद्यालयस्तरीय आधारभूत सहकारी शिक्षा

(क) समयावधि: १ दिन

(ख) कक्षा संख्या: ४ वटा

(ग) प्रति कक्षा समयः 90 मिनेट

(घ) सहभागी संख्या:- सामुदायिक विद्यालयका कक्षा ९ वा १० का विद्यार्थीहरु

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. कक्षा ९ र १० मा अध्ययनरत बालबालिकाहरु सहकारी सम्बन्धी आधारभूत ज्ञान प्राप्त गर्ने छन्।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| सहकारीको अर्थ, परिचय र इतिहास | ४ |
| सहकारीको मूल्य र मान्यता | |
| सहकारीको सिद्धान्त | |
| सहकारीका फाईदाहरु | |

## ६. वित्तीय साक्षरता सम्बन्धी अभिमुखिकरण

(क) समयावधि: १ दिन

(ख) कक्षा संख्या: ४ वटा

(ग) प्रति कक्षा समयः 90 मिनेट

(घ) सहभागी संख्या:- समावेशी रुपमा कम्तीमा २० जना

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. आम्दानी र खर्चको विश्लेषण गर्न।

२. ऋण, लगानी, विप्रेषण, विमा बारेमा जानकारी प्राप्त गर्न।

३. पारिवारिक बजेट निर्माण गर्न।

४. वित्तीय लक्ष्य निर्धारण तथा बचत योजना तयार गर्न।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| वित्तीय साक्षरताको परिचय, अर्थ परिभाषा | ४ |
| वित्तीय लक्ष्य निर्धारण, बचत योजना र बचत गर्ने उपायहरु | |
| पारिवारिक बजेट निर्माण र अभ्यास | |
| ऋण, बिमा र विप्रेषण | |

**७. नेतृत्व विकास र क्षमता अभिवृद्धि**

(क) समयावधि: ३ दिन

(ख) कक्षा संख्या: १२ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागी संख्या:- समावेशी रुपमा कम्तीमा २० जना

(ङ) तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

1. अन्तर्निहित क्षमताको पहिचान।
2. क्षमता सदुपयोगमा अवसरको खोजी र प्रयोग।
3. सहकारीमा नेतृत्वको विकास।

**विषयवस्तु (Course Contents)**

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| नेतृत्वको परिचय र महत्व | १२ |
| क्षमता विकासको परिचय | |
| नेतृत्वका सिद्धान्तहरु | |
| नेतृत्वका शैली तथा गुणहरु | |
| क्षमता विकासमा अवसरको खोजी र सदुपयोग | |
| समय व्यवस्थापन तथा विषयको ज्ञान | |
| सहकारीमा नेतृत्वको भूमिका | |
| उद्घोषण/ भाषण/ समारोह व्यवस्थापन | |
| अभ्यास | |